# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०८०।०१।०४ गते।

## प्रेस विज्ञप्ति

**विषयः** अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत काठमाडौंमा दायर भएका मुद्दाहरुमा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दा।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत, काठमाडौंमा दायर भएका मुद्दाहरुमा विशेष अदालतबाट बिभिन्न मितिमा फैसला भएका मध्ये गैरकानूनी सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको सम्बन्धी मुद्दामा आयोगको निर्णय अनुसार मिति २०८१।०१।०४ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको बिबरण देहायानुसार रहेको छ।

प्रवक्ता
नरहरि घिमिरे

## देहायः

| सि.नं. | प्रतिवादीहरु | मुद्दा | आयोगको मागदावी | विशेष अदालतको फैसला र आधार | आयोगबाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | बद्री राज ढकाल, सिर्जना अर्याल ढकाल र नवराज अर्याल (विशेष अदालतको मुद्दा नं. ०७६-CR-०३८१ र फैसला मिति २०८०/०४/२२) | गैरकानूनी रुपमा सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको। | प्रतिवादी बद्री राज ढकालले सार्वजनिक सेवामा प्रवेश गरेको मिति २०५४/१०/१४ गतेदेखि मिति २०७६/११/३० सम्मको जाँच अवधिमा आर्जन गरेको वैध आय **रु. ४,२६,२४,०३७।- (चार करोड छब्बीस लाख चौबीस हजार सैंतीस मात्र)** को तुलनामा सोही अवधिमा निजले **रु.१४,५३,८२,४९८।- (अक्षरेपि चौध करोड त्रिपन्न लाख बयासी हजार चार सय अन्ठान्नब्बे मात्र)** लगानी तथा खर्च (व्यय) गरेको देखिँदा निजको आय भन्दा बढी खर्च गरेको रकम **रु. १०,२७,५८,४६१।- (दश करोड सत्ताईस लाख अन्ठाउन्न हजार चार सय एकसाठ्ठी मात्र)** बराबरको सम्पत्तिको स्रोत खुलेको नदेखिएबाट उक्त सम्पत्ति गैरकानुनी रुपमा आर्जन गरेको देखिँदा प्रतिवादी बद्री राज ढकालले साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १५ एवम् प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (१) बमोजिमको कसूर गरेको पुष्टि भएकोले **बिगो रु. १०,२७,५८,४६१।- (दश करोड सत्ताईस लाख अन्ठाउन्न हजार चार सय एकसाठ्ठी मात्र)** कायम गरी साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १५ बमोजिम सोही ऐनको | **<u>फैसलाः</u>** वादी दावी नपुग्ने।<br>**<u>विशेष अदालतले फैसला गर्दा लिएका आधारः</u>**<br>**<u>आयतर्फः</u>**<br>**(क) प्रतिवादी बद्री राज ढकालको पारिश्रमिक आय बचतः**<br>यस शीर्षकमा जाँच अवधिमा आयोगबाट जम्मा रु. ४९,४४,१६०।— कायम गरिएकोमा प्रतिवादी बद्री राज ढकालले आ.व. २०७३/०७४ को तलब रु. ४,०२,६१२ भएकोमा आरोपपत्रमा जम्मा रु. १,९४,१४१।— मात्र देखाइएकोले निजले प्राप्त गरेको सम्पूर्ण तलबी रकम जोडेर पारिश्रमिक रकम कायम हुनुपर्ने भनी जिकिर लिएको। यस सम्बन्धमा, मिसिल संलग्न कर्मचारी तलबी विवरणमा उक्त आ.व. को निजको पारिश्रमिक रु. ४,०२,६१३।— नै देखिँदा आरोपपत्रमा जोडिएको हिसाब मिलेको नदेखिएकोले उक्त रकममा नियम बमोजिम १०% सञ्चय कोष वापत र ३०% जीवन निर्वाह खर्च वापत कटाएर हुन आउने रकम रु. २,५३,६४६।— सो आ.व. को तलब वापतको रकम हुने देखिई निज प्रतिवादीको पारिश्रमिक बचत रु. ५०,०३,६६५।— कायम हुने देखिएको।<br>▪ त्यसैगरी, प्रतिवादीले चाडपर्व वापत प्राप्त भत्ता जम्मा रु. ३,३७,७७४।— जोडिएको नदेखिँदा सो वापत उक्त रकम निजले प्राप्त गरेको भनी जिकिर लिएको। यस सम्बन्धमा, आरोपपत्रको आय व्ययको प्रवाह विवरणमा चाडपर्व खर्च जोडिएको नदेखिएको साथै, निजामती किताबखानाबाट प्राप्त प्रतिवादीको तलबी विवरणमा पनि चाडपर्व खर्च नजोडिएको भन्ने उल्लेख भएको देखिँदा सम्मानित विशेष अदालतबाट मिति २०७७/११/२८ मा भएको आदेश बमोजिम प्राप्त लिखत कागजातहरुबाट निजले दशैं भत्ता वापत सेवा अवधिमा जम्मा रु. ३,३७,७७४।— प्राप्त गरेको देखिएकोले उक्त रकम नजोडनुको कारण आरोपपत्रमा खुलेको अवस्था नदेखिँदा उल्लिखित रकममा ३०% जीवन निर्वाह खर्च कटाएर हुने रकम रु. २,३६,४४१।८० प्रतिवादीको आयमा जोडिने देखिएको।<br>▪ यसरी, यस शीर्षकमा प्रतिवादीको जम्मा आय रु. ५२,४०,१०६।८० कायम हुने देखिएको।<br>**(ख) वैदेशिक आयः**<br>यस शीर्षकमा आयोगबाट जम्मा रु. १,००,०००।— कायम गरिएकोमा प्रतिवादीले वैदेशिक भ्रमणबाट आय आर्जन गरेको रु. २,०२,५६०।— निजको आयमा जोडिनुपर्छ भनी जिकिर लिएको। यस सम्बन्धमा, सम्मानित विशेष अदालतबाट मिति २०७७/११/२८ मा भएको आदेश बमोजिम प्राप्त भूमिसुधार तथा व्यवस्थापन विभागको च.नं. १६९२ मिति २०७८/०१/०३ को पत्रबाट निजले Switzerland र Netherlands भ्रमणमा वैदेशिक भ्रमण भत्ता वापत प्राप्त रकम जम्मा रु. २,८९,३७१।— जोडिएको नदेखिँदा उक्त रकममा जीवन निर्वाह खर्च ३०% कटाउँदा हुने रकम रु. २,०२,५६०।— यस शीर्षकमा निजको आय कायम हुने देखिएको।<br>**(ग) प्रतिवादी सिर्जना अर्याल ढकालको पारिश्रमिक बचतः**<br>▪ यस शीर्षकमा आयोगबाट प्रतिवादीहरु बद्री राज ढकाल र सिर्जना अर्याल ढकालका | **५. प्रस्तुत मुद्दामा वादी र प्रतिवादीको अन्यथा जिकिर नभएका तथा मुख मिलेका आय/व्ययतर्फका शीर्षकहरु बाहेक, सम्मानित विशेष अदालतबाट देहाय बमोजिमका आयतर्फका शीर्षकहरुमा आयोगले मूल्याङ्कन गरी कायम गरेको रकमलाई मान्यता नदिई अन्यथा तथा फरक अंक कायम गरी भएको फैसला देहाय बमोजिमका कानुनी आधार र प्रमाणहरुबाट सो हदसम्म त्रुटिपूर्ण रहेको।**<br>**(क) आयतर्फः**<br>**(अ) जग्गा बिक्री आय (शुरु लगानीमा स्रोत खुलेको भागको वैध आय):**<br>▪ प्रस्तुत मुद्दामा प्रतिवादी बद्री राज ढकालको सम्पत्तिको जाँच अवधि आय र व्ययको आधारमा आय व्ययको प्रवाह विवरण (Cash Flow Chart) तयार गर्ने क्रममा निज प्रतिवादीको आय भएको रकम भन्दा व्यय भएको रकम बढी भएकोमा र निजले उक्त रकमको स्रोत समेत पुष्टि गर्न नसकेकोमा सोही बिन्दुसम्म एक जाँच अवधि कायम गरी आय व्ययको प्रवाह विवरण विभिन्न ६ खण्डमा वर्गीकरण गरी ६ वटा जाँच अवधि कायम गरिएको हो[1] र उक्त जाँच अवधिको अन्य कुनै मापदण्ड रहेको अवस्था भएको। यसरी, आय भएको रकम भन्दा व्यय भएको रकम बढी भएको र त्यस्तो बढी हुन गएको रकमको स्रोत पुष्टि हुन नसकेको अवस्थामा जाँच अवधि कायम हुने र प्रस्तुत मुद्दामा आरोपपत्रको पृष्ठ ३४ देखि पृष्ठ ७४ सम्म ६ वटा खण्डमा वर्गीकरण गरी ६ वटा जाँच अवधि कायम गरी प्रतिवादी बद्री राज ढकालको वैद्य आय तथा आर्जन, व्यय/खर्च तथा लगानी र वैद्य आय बचत अर्थात मौज्दात सम्बन्धमा विश्लेषण र मूल्याङ्कन गरी निज प्रतिवादीको सम्पत्तिको वैधता परीक्षण तथा अनुसन्धान गरी आय र व्ययको तुलनात्मक विवरण सहित स्पष्ट र किटानी मागदावी लिई निज प्रतिवादीको आय व्ययको प्रवाह विवरण (Cash Flow Chart) उल्लेख भएको आरोपपत्र पेश भएको। प्रस्तुत मुद्दामा प्रतिवादी बद्री राज ढकालको आय व्ययको मूल्याङ्कन गर्ने क्रममा निजले जग्गाहरु खरिद गर्दा आधारभूत सम्पत्तिको स्रोत पुष्टि भए/नभएको र वैद्य बचत मौज्दात आयले खामे/नखामेको विषय सोही बखत हेरिने तथा मूल्याङ्कन गरिने विषय भएको अघिल्लो अवधिमा आर्जन गरेको गैरकानुनी सम्पत्तिलाई पछिल्लो अवधिमा आर्जित वैद्य सम्पत्तिले परिपूरण गर्न सकिने तर्क आफैमा तार्किक कानुन संगत नदेखिएको। सम्मानित विशेष अदालतबाट लिइएको आधार बमोजिम यो विषयमा प्रतिवादीको आय र व्ययको समग्रतामा हेर्ने हो भने जग्गाहरु खरिद भएको बखतको आधारभूत सम्पत्तिको स्रोत पुष्टि भए/नभएको र वैध बचत मौज्दात आयले खामे/नखामेको विषयले परीक्षणको क्रममा स्थान नै नपाउने हुँदा यो विषयको औचित्य नै समाप्त भई गैरकानुनी रुपमा बढेबढाएको सम्पत्तिले वैधता पाउने र White Collar Crime को रुपमा परिभाषित गैरकानुनी सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको मुद्दा भ्रष्टाचार निवारण ऐन, २०५९ को मकसद विपरीत हुन जाने देखिएको। |

---
[1] गैरकानूनी सम्पत्ति छानबिन तथा अनुसन्धान कार्यविधि, २०७५ को दफा १०(३)(ड)

दफा ३ र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (२) बमोजिम सजाय हुन र प्रतिवादी बद्री राज ढकालले जाँच अवधिमा आर्जन गरेको स्रोत नखुलेका सम्पत्तिहरु समेत साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ३, दफा १६ग, दफा २९ को उपदफा (१) र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७ तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ख बमोजिम जफत/असूल उपर गरी नपुग हुने बिगो रु. ७,८१,५३,७२१।— समेत कानुन बमोजिम असूल गरी पाउन मागदावी लिइएको।

साथै, मिसिल संलग्न आधार कारण र प्रमाणहरुबाट प्रतिवादी बद्री राज ढकालले सार्वजनिक सेवाको पदमा रही आफ्नो पदको दुरुपयोग गरी भ्रष्टाचारजन्य कार्य गरी गैरकानुनी रुपमा आर्जन गरेका स्रोत नखुल्ने सम्पत्तिहरु निजले आफू लगायत श्रीमति सिर्जना अर्याल ढकालको नाममा जग्गा खरिद तथा घर निर्माण एवं बैंक खाताहरुमा रकम मौज्दात रहे भएको देखिएकोले र प्रतिवादी बद्री राज ढकालका जेठान नाताका नवराज अर्यालको नाममा सञ्चालित Janata Bank Nepal Limited (हाल Global

बिचमा मिति २०६२/११/२४ मा विवाह भए पश्चात प्रतिवादी सिर्जना अर्याल ढकालले प्राप्त गरेको पारिश्रमिक मात्र जम्मा रु. ७७,३६७।— गणना गरिएकोमा प्रतिवादी सिर्जना अर्याल ढकालले मिति २०५७/११/१७ देखि मिति २०६३ माघ मसान्तसम्म बाँसपानी आधारभूत विद्यालयको प्रा.वि. शिक्षकमा सेवा गरी जम्मा रु. ३,०३,४००।— पारिश्रमिक प्राप्त गरेको कुरा उक्त विद्यालयको पत्रबाट खुलेकोले सो सम्पूर्ण रकम आयमा गणना हुनुपर्छ भनी प्रतिवादी बद्री राज ढकालको जिकिर रहेको।

- यस सम्बन्धमा, प्रतिवादी सिर्जना अर्याल ढकालले विवाह अघि आर्जन गरेको पारिश्रमिक वापतको रकम बचत गरेर राखेको वा कतै लगानी गरेको, त्यसबाट अचल सम्पत्ति खरिद गरेको वा विवाह पूर्व आर्जन गरेको आय कुनै न कुनै रुपमा विवाह पश्चात प्रतिवादी बद्री राज ढकालको परिवारमा लगेर मिसाएको तथ्य स्थापित तथा पुष्टि नभई प्रतिवादीले विवाह पूर्व पारिश्रमिक आय आर्जन गरेको भन्ने मात्रै आधारमा सो आय रकमको हिसाब प्रतिवादीको आयमा जोड्न मिल्ने नदेखिएको।

**(घ) कर्जा आयः**

यस शीर्षकमा आयोगबाट जम्मा रु. ६८,९१,७५१।— गणना गरिएकोमा प्रतिवादी बद्री राज ढकालले निजका पिता खेम राज ढकालका नाममा Pokhara Saving & Credit Co-opeartive Ltd. बाट रु. १०,००,०००।— लिएको ऋण पनि जोडिनुपर्छ भनी जिकिर लिएको। यस सम्बन्धमा, सम्मानित विशेष अदालतबाट भएको आदेश बमोजिम उक्त संस्थाको मिति २०७८/०१/०३ च.नं. ८९/०७७/०७८ को पत्र साथै प्राप्त स्टेटमेन्टबाट खेम राज ढकालले मिति २०७६/०८/१५ मा उक्त संस्थाबाट जम्मा रु. १०,००,०००।— ऋण लिएको भन्ने देखिएकोले र निज प्रतिवादी बुबा आमासँग सगोलमै रहेको देखिएकोले उल्लिखित रकम पनि प्रतिवादीको आयमा जोडिने भई यस शीर्षकमा जम्मा रु. ७८,९१,७५१।— आय हुने देखिएको।

**(ङ) जग्गा बिक्री आय (शुरु लगानीमा स्रोत खुलेको भागको वैध आय):**

- यस शीर्षकमा आयोगबाट प्रतिवादीको आय स्रोतले खामेको हदसम्म जम्मा रु. १,०८,६७,२००।— गणना गरिएकोमा प्रतिवादी बद्री राज ढकालले निजको सम्पूर्ण जाँच अवधि भरिको आय व्ययलाई समग्र रुपमा हेरिनुपर्छ; आरोपपत्रको पृष्ठ ७ र ८ मा रहेको बिक्री गरेको जग्गाको विवरणमा उल्लेख भएको जग्गा बिक्री रकम सबै आयमा जोडिनु पर्छ भनी अदालत समक्षको बयान, लिखित प्रतिवाद साथै बहसनोट मार्फत जिकिर लिएको।
- यस सम्बन्धमा, आरोपपत्रको पृष्ठ ७ र ८ मा बिक्री गरेको जग्गाको विवरणमा प्रतिवादीहरु बद्री राज ढकाल र सिर्जना अर्याल ढकालका नाममा रहेका विभिन्न कित्ता जग्गाहरु बिक्री गरेको र त्यसको बिक्री मूल्य समेत उल्लेख भएको। प्रतिवादीको सम्पूर्ण जाँच अवधिलाई विभिन्न खण्डमा विभक्त गरी सो खण्डमा भएको आय र व्ययको विवरण (Cash Flow Chart) लाई आधार मानी सम्पत्तिको स्रोत पुगे नपुगेको भनी निर्धारण गरेको आयोगको आय व्यय रकमलाई सम्मानित सर्वोच्च अदालतबाट विभिन्न मुद्दाहरुमा अमान्य गरी प्रतिवादीको जाँच अवधिको समग्र

- यसै सन्दर्भमा, सम्मानित सर्वोच्च अदालतबाट *"गैरकानूनी आर्जन गरेको भनी पर्ने भ्रष्टाचारका मुद्दाहरूमा जाँच अवधिमा प्रतिवादीले आर्जन गरेको सम्पत्ति र गरेका खर्चहरूको सो अवधिमा निजलाई कानूनी रूपमा प्राप्त भएका आयहरूबाट स्रोत पुष्टि गर्न सक्नुपर्ने। आधारभूत सम्पत्तिको स्रोत पुष्टि गर्न नसकेको अवस्थामा त्यसबाट बढेबढाएको सम्पत्ति समेत स्वतः गैरकानूनी हुने भई दफा ४७ बमोजिम जफत हुने स्थिति रहेको। त्यसैले बढेबढाएको सम्पत्तिको स्रोत खोज्न वा त्यस्तो सम्पत्तिबाट आधारभूत सम्पत्तिको स्रोत पुष्टि हुने गरी अर्थ गर्न मिल्दैन। बढेबढाएको सम्पत्तिलाई आयको मान्यता दिँदा परिणामतः त्यसले आधारभूत सम्पत्तिकै स्रोत पुष्टि हुनजाने अवस्था सिर्जना हुन आउँछ, जुन कानूनसम्मत हुन नसक्ने।"*[2] भन्ने सिद्धान्त प्रतिपादन भएको। त्यसैगरी, सम्मानित सर्वोच्च अदालतबाट कुनै पनि व्यक्तिको नाममा रहेको सम्पत्तिबाट बढेबढाएको सम्पत्ति पनि सोही व्यक्तिको आम्दानीको स्रोत बन्न सक्ने नै हुन्छ, तर आधारभूत सम्पत्तिको स्रोत पुष्टि गर्नै पर्ने हुन्छ[3] भनी सिद्धान्त प्रतिपादन भएको। त्यस्तै, सम्मानित सर्वोच्च अदालतबाट जाँच अवधिमा खरिद गरिएको जग्गा बिक्रीबाट प्राप्त रकमलाई आयको रुपमा मान्यता दिइन्छ भने उक्त जग्गा खरिदको स्रोत पनि पुष्टि गर्नु पर्छ तथा आधारभूत सम्पत्तिको स्रोत पुष्टि भएमा उक्त सम्पत्तिबाट बढेबढाएको सम्पत्ति पनि स्वतः वैध आर्जन हुने र आधारभूत सम्पत्तिको स्रोत पुष्टि गर्न नसकेमा त्यस्तो सम्पत्तिबाट बढेबढाएको सम्पत्ति पनि स्वतः अवैध हुने[4] भनी सिद्धान्त प्रतिपादन भएको देखिएको। यसरी, खरिद वा लगानी गरिएको सम्पत्तिबाट आर्जन गरेको तथा बढेबढाएको आय दावी गर्ने व्यक्तिले मूलधन अर्थात खरिद वा लगानी गरिएको सम्पत्तिमा भए गरेको शुरु लगानीको स्रोत पुष्टि गर्नुपर्ने देखिएको।
- प्रस्तुत मुद्दामा प्रतिवादी बद्री राज ढकालले जग्गाहरु खरिद गर्दा निजको वैध आयले खामेको नपाइएकोले आंशिक तथा पूर्ण रुपमा स्रोत खुलेको अर्थात निजको वैध आयले खामेका जग्गा बिक्रीबाट बढेबढाएका आयलाई स्रोत खुलेको भागअनुसार गणना गरी निम्न बमोजिम जग्गा बिक्रीबाट निजले रु. १,०८,६७,२००।- रकम निजको वैध स्रोत खुलेको सम्पत्तिबाट प्राप्त उक्त रकमलाई आयोगबाट जग्गा बिक्री आयमा गणना गरिएको देखिएको।

| क सं | जग्गाको विवरण | बिक्री मूल्य (रु.) | कैफियत |
|---|---|---|---|
| १ | प्रतिवादी सिर्जना अर्याल ढकालको नाममा रहेका जिल्ला कास्की, शिशुवा वडा नं. २ स्थित कि.नं. ५५१४ र ५५१७ को क्रमशः क्षे.फ. ०-३-०-२ र ०-९-०-३ जग्गा र ऐ.ऐ. अर्घौंबजार वडा नं. ९ स्थित कि.नं. १४०४ र १४०६ को | २५,००,००० | लिखत बमोजिम |

[2] *नेपाल सरकार वि. युवराज शर्मा समेत,* मुद्दाः गैरकानुनी सम्पत्ति भ्रष्टाचार (ने.का.प. २०६९, अंक ९, नि.नं. ८८८६)

[3] *नेपाल सरकार वि. बद्रीनाथ श्रेष्ठ,* मुद्दाः भ्रष्टाचार (ने.का.प. २०७२, अंक ८, नि.नं. ९४४९)

[4] *नेपाल सरकार वि. खुमबहादुर खड्का समेत,* मुद्दाः भ्रष्टाचार (ने.का.प. २०६९, अंक ५, नि.नं. ८८३२)

IME Bank) मा साबिक खाता नं. ०१५१०२००९१७९१०१ हाल परिवर्तित खाता नं. J५०७०१०००१९२८ को Mandate लिई प्रतिवादी बद्री राज ढकालले सञ्चालन गरेको उक्त बैंक खाताको कारोबारको दायित्व र जिम्मेवारी लिएको र उक्त बैंक खातामा रकम मौज्दात रहेको समेत देखिएकोले स्रोत पुष्टि हुन नसकेका सम्पत्ति तथा खर्च एवं लगानीको सम्पत्ति साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १६ग, दफा २९ को उपदफा (१) र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७ तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ख बमोजिम जफत गर्ने प्रयोजनार्थ मात्र प्रतिवादी बद्री राज ढकालकी श्रीमति सिर्जना अर्याल ढकाल र निज प्रतिवादीका जेठान नवराज अर्याललाई प्रतिवादी कायम गरी उक्त सम्पत्तिहरु जफत गरी पाउन मागदावी लिइएको।

आयलाई आधार मानेर सम्पूर्ण जाँच अवधिको सम्पत्ति विश्लेषण गरेर गैरकानुनी सम्पत्ति आर्जन गरेको देखिएको/देखिँदैन भन्ने निर्धारण गरेको देखिएकोले उल्लिखित तालिकामा क्र.सं. १ देखि ११ सम्ममा उल्लेख गरिएको जग्गाको सम्पूर्ण बिक्री मूल्य जोड्दा हुन आउने रकम रु. ४,३४,२५,०००।— नै प्रतिवादीको आयमा गणना हुने देखिएको।

- त्यसैगरी, प्रतिवादीले आयोग समक्ष भरेको सम्पत्ति विवरणमा सगोलमै रहेको भन्ने बेहोरा उल्लेख गरेको, मौकाको बयान तथा अदालतको बयानमा साथै लिखित प्रतिवादमा पनि आमा/बुबा सँगै बस्ने हुँदा निजहरुका नाउँको जग्गा बिक्री वापत प्राप्त रकम पनि आयमा जोडिनुपर्छ भनी जिकिर लिएको।
- यस सम्बन्धमा, प्रतिवादीका बुबा र आमा समेत एकासगोलमै रहेको अवस्था हुँदा निजहरुका नाउँमा रहेको जग्गा बिक्रीबाट भएको आय प्रतिवादीको आयमा जोडिने नै देखिँदा प्रतिवादीहरु बद्री राज ढकाल र सिर्जना अर्याल ढकालका नाउँमा रहेका जग्गाहरु बिक्री गरेको सम्पूर्ण रकम रु. ४,३४,२५,०००।— मा प्रतिवादी बद्री राज ढकालका पिता खेम राज ढकालका नामको जिल्ला स्याङ्जा, फापरथुम वडा नं. ५ को कि.नं. १९२३ को जग्गा मिति २०७२/१२/०१ मा र.नं. ९३४ बाट राजिनामा गरी बिक्री गरेको रकम रु. ५०,०००।— र आमा राधादेवी ढकालका नामको जिल्ला काठमाडौं, नैकाप वडा नं. ८/ख को कि.नं. १०३७ र १०३८ को जग्गा मिति २०७३/०४/३१ मा र.नं. ५७४ बाट बिक्री गरेको रकम रु. २८,००,०००।— गरेर जम्मा रु. ४,६२,७५,०००।— प्रतिवादीको आय कायम हुने देखिएको।

**(च) शेयर बिक्री आय (शुरु लगानीमा स्रोत खुलेको भागको वैध आय):**

- यस शीर्षकमा आयोगबाट प्रतिवादीको शेयर बिक्रीबाट प्राप्त आयमा शुरु लगानीमा स्रोत खुलेको भागको वैध आय मात्र कायम गरी जम्मा रु. ६,९९,२३०।— गणना गरिएको।
- यस सम्बन्धमा, प्रतिवादीको सम्पूर्ण जाँच अवधिलाई एकमुष्ट रुपमा जाँच अवधि मानी समग्रतामा आय व्ययको हिसाब गरिने हुँदा शुरु लगानीमा स्रोत नखुलेको भन्ने आधारमा शेयर बिक्रीबाट प्राप्त भएको सम्पूर्ण रकमलाई प्रतिवादीको आयमा नजोड्ने वादीको निर्णय मनासिब नदेखिँदा आरोपपत्रको पृष्ठ १४, १५ र १६ मा रहेको शेयर बिक्रीको विवरण तालिकाको सि.नं. ४, ५ र ३४ मा उल्लिखित शेयर बिक्री गरेको विवरण प्रतिवादीको शेयर खरिदको विवरणमा उल्लेख नदेखिएकोले खर्च रकम नदेखाई त्यसबाट आय भएको भन्नु कानुनतः उचित नदेखिँदा सि.नं. ४, ५ र ३४ को रकम क्रमशः रु. ७४,५८८।—; रु. ४,१२,७१८।— र रु. ३२,८०२।— गरी जम्मा रु. ५,२०,१०८।— रकम घटाएर हुन आउने रकम रु. ९९,१९,२७९।— प्रतिवादीको आय कायम हुने देखिएको।

**(छ) सवारी साधन बिक्री आय (शुरु लगानीमा स्रोत खुलेको भागको वैध आय):**

- यस शीर्षकमा आयोगबाट शुरु लगानीमा स्रोत खुलेको भागको वैध आय भन्ने बेहोरा उल्लेख गरी जम्मा रु. १२,४६,०००।— गणना गरिएकोमा प्रतिवादीका नाममा रहेका बा. ३७ प ५५३ र ग. ७ प १०५३ नम्बरका मोटरसाइकलहरु बिक्री गरी प्राप्त गरेको जम्मा रकम रु. १,९६,०००।— का सम्बन्धमा दुबै पक्षको मुख मिलेकै देखिएको। प्रतिवादी बद्री राज ढकालले मौकामा बयान गर्दा बा. ८ च ७०१३ नम्बरको WagonR र बा. १ च ९५३ नम्बरको Hyundai i10 कारहरु निजले नै खरिद गरी निजको साली नाता पर्ने अन्जु अर्यालको नाममा राखेको भनी

| | | | |
|---|---|---|---|
| | क्रमशः क्षे.फ.०-५-०-१ र ०-३-२-० समेतका जग्गाहरु मालपोत कार्यालय कास्कीको र.नं. ४७५ग मिति २०६९/०५/२४ को लिखतले युद्ध प्रसाद भन्ने यज्ञप्रसाद काफ्लेलाई बिक्री गरेको | | |
| २ | प्रतिवादी बद्री राज ढकालको नाममा रहेको जिल्ला तनहुँ, गुणादी १(ख) कि.नं. १८६२, १८६०, १८५७ क्रमशः क्षे.फ. ०-०-१-०, ०-०-०-१, ०-४-२-३ जग्गाहरु मिति २०७०/०९/०१ गते नवराज गिरीलाई बिक्री गरेको | ५,००,००० | लिखत बमोजिम |
| ३ | प्रतिवादी बद्री राज ढकालको नाममा रहेको जिल्ला तनहुँ, गुणादी १(ख) कि.नं. १८५६ क्षे.फ. ०-३-०-० रोपनि जग्गा मिति २०७०/०९/०१ मा डिल्ली प्रसाद दाहाललाई बिक्री गरेको | ३,००,००० | लिखत बमोजिम |
| ४ | प्रतिवादी सिर्जना अर्याल ढकालको नाममा रहेको जिल्ला कास्की, छिनेडाँडा हाल पोखरा महानगरपालिका वडा नं. ६/१७ कि.नं. १८८०३ क्षे.फ. ०-७-०-० जग्गा मिति २०७३/०८/२७ मा रेणुका देवी ठकुरीलाई बिक्री गरेको | ६०,००,००० | लिखत बमोजिम |
| ५ | पुरुषोतम कपालीबाट स्वामित्व प्राप्त भई प्रतिवादी बद्री राज ढकालको नाममा दर्ता कायम रहेको काठमाडौ स्युचाटार-२ स्थित कि.नं. १५१ को मोहीसहित ०-१४-१-० रोपनी जग्गा मिति २०७४/०३/२० मा र.नं. १२०१/३ को लिखतले रामेश्वर भट्टराईलाई बिक्री गरी रु. १५,००,०००।– आय प्राप्त गरेको सम्वन्धमा प्रस्तुत विक्री भएगरेको जग्गा मिति २०७३/०२/२७ मा प्राप्त गर्दाका अवस्थाको शुरु लागानीको विश्लेषण अध्ययन गर्दा निजले बयानको स.ज.नं. ६० मा खुलाईदिएको शुरु लगानी रु. १४,००,०००।– लाई निजको त्यति बेलाको वैध आयले खामेको नपाइएकोले स्रोत नखुलेको सम्पत्तिबाट वढेवढाएको आयलाई गणना नगरिएको | - | पूर्ण रुपमा गणना नगरिएको |
| ६ | गणेश बन्जाराबाट स्वामित्व प्राप्त भई प्रतिवादी सिर्जना अर्यालको नाममा दर्ता कायम रहेको काठमाडौ, स्युचाटार-२ स्थित कि.नं. २७१८ को ०-४-१-३ रोपनी जग्गा मिति २०७४/०८/२२ मा र.नं. ५२३२/३ को लिखतले मायाँ डोटेललाई बिक्रीको लिखतले स्वामित्व हस्तान्तरण हुँदा लिखतमा जे जति लेखिए अर्थात लेनदेन कारोबार गरिएपनि आफूले सो जग्गा रु. १३,५०,०००।– लगानीमा स्वामित्व प्राप्त गरी प्रतिफल थप रु. १,५०,०००।- सहितको रु. १५,००,०००।– प्राप्त गरेको भनी निजले | १५,००,००० | निजले स.ज.नं. ५८ मा लिएको दावी अनुसार |

उल्लेख गरेको तर अदालत समक्षको बयानमा उक्त सवारी साधनहरु निजको होइन, अन्जु अर्यालको गाडी खरिद, बिक्री, आय र व्यय निजको आय व्ययमा जोड्न मिल्दैन भनी प्रतिवादीको जिकिर रहेको।

- यस सम्बन्धमा, प्रतिवादी बद्री राज ढकालले सवारी धनी अन्जु अर्याललाई निजको साक्षीको रुपमा पेस गरेकोमा प्रतिवादीका साक्षी अन्जु अर्यालले अदालत समक्ष उपस्थित भई उक्त गाडीहरु निजले आफ्नै प्रयोगको लागि खरिद गरेको, प्रतिवादी बद्री राज ढकालले निजको नाममा कुनै गाडी खरिद नगरेको भनी बकपत्र गरेको अवस्थामा प्रतिवादी बद्री राज ढकालले मौकाको बयानमा उक्त सवारी साधन निजले खरिद गरी अन्जु अर्यालका नाममा राखेको हो भन्ने बेहोरा उल्लेख गरेकै आधारमा प्रतिवादी बद्री राज ढकालकै हो भनी अनुमान गर्न मिल्ने नदेखिँदा कानुन बमोजिम दर्ता रहेको कसैको सम्पत्ति अन्यथा प्रमाणित नभएसम्म दर्तावाला कै मान्नु पर्ने भएकोले अन्जु अर्यालको नाममा दर्ता रहेका सवारी साधनहरु बिक्रीको रकम वादीले प्रतिवादीको आयमा जोडेको मनासिब नदेखिँदा यस शीर्षकमा प्रतिवादीको आय रु. १,९६,०००।— मात्र कायम हुने देखिएको।

**(ज) कृषि आयः**

यस शीर्षकमा आयोगबाट प्रतिवादी एकासगोलमा नबसी मानु छुट्टिएर बसेको भन्ने आधारमा २०५९ देखि २०६८ सम्मको वरिष्ठ कृषि अर्थ विज्ञको मिति २०७७/०२/०६ को पत्र अनुसार रु. ३,००,८२२।— कृषि बचतमा प्रतिवादीको भागमा परेको जम्मा रु. १,००,२७४।— गणना गरिएकोमा प्रतिवादीले कृषि आय त्यति मात्रै होइन, उक्त रकमभन्दा बढी निजको जग्गामा उब्जाउ हुने भनी जिकिर लिएको देखिएको। यस सम्बन्धमा, उक्त जिकिर वस्तुनिष्ठ रुपमा पुष्टि गर्न सकेको नदेखिँदा प्रतिवादी एकासगोलमै रहेको देखिँदा निजको संयुक्त परिवारको नाममा कायम भएको कृषि आयको सम्पूर्ण रकमलाई प्रतिवादीको आयमा कायम गर्नुपर्ने देखिई निजको जग्गाको क्षेत्रफल समेतलाई विचार गर्दा आरोपपत्रमा उल्लिखित सम्पूर्ण कृषि आय रु. ३,००,८२२।— प्रतिवादीको आय कायम हुने देखिएको।

**(झ)** प्रतिवादी बद्री राज ढकालको जाँच अवधिको समग्र आय सम्बन्धमा आयोगबाट प्रतिवादी बद्री राज ढकालको **घर बिक्री आय** रु. १,१५,००,०००।— र **विप्रेषण आय** रु. ६१,९८,०५५।— कायम भएकोमा प्रतिवादीको सहमति रहेकोले सम्मानित विशेष अदालतबाट उक्त शीर्षकहरुमा सोही आय अङ्क कायम गरिएको।

**(ञ) आयोगले गणना नगरेका तर प्रतिवादीले जिकिर लिएका आयका निम्न थप शीर्षकहरुको सम्बन्धमाः**

**(अ) प्रतिवादी बद्री राज ढकालका पिता खेमराज ढकालको तलब र पेन्सनः**

प्रतिवादी बद्री राज ढकालले बुबा खेम राज ढकालले मिति २०३१/०४/१६ देखि शिक्षण पेशाबाट प्राप्त गरेको तलब भत्ता र मिति २०५९/०७/०३ मा अवकाश हुँदा प्राप्त गरेको उपचार खर्च, सञ्चित बिदा वापतको रकम तथा सञ्चय कोषमा जम्मा रकम र अवकाश पछि मासिक रुपमा प्राप्त गर्दै आएको जाँच अवधिसम्मको जम्मा रु. २८,६३,८१९।— रकम यमा जोडिनुपर्छ भनी जिकिर लिई प्रमाण समेत पेस गरेको देखिँदा सम्मानित विशेष अदालतको आदेश बमोजिम शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षा विकास तथा समन्वय इकाई, स्याङ्जाको च.नं. १४५६ मिति २०७७/०३/२१ को पत्र साथ प्राप्त विवरणबाट प्रतिवादीका बुबाले स्याङ्जा जिल्लाका विभिन्न विद्यालयहरुमा शिक्षकको रुपमा काम गरेको र सो क्रममा जम्मा रु. २९,७१,७१४।— आय आर्जन गरेको देखिएकोले उल्लिखित रकमबाट जीवन निर्वाह ३०% कटाएर बाँकी हुन आउने रकम रु.

| | | | |
|---|---|---|---|
| | स.ज.नं. ५८ मा लिएको दावी अनुसारको आय देखिएको। | | |
| ७ | प्रतिवादी सिर्जना अर्याल ढकालको नाममा रहेको जिल्ला काठमाडौ, स्युचाटार वडा नं. ५ कित्ता नं. ३८३ क्षे.फ. ०-४-०-०, कि.नं. ४१३ क्षे.फ. ०-४-२-०, कि.नं. ४३४ क्षे.फ. ०-४-२-३ रोपनी समेतका जग्गाहरु मिति २०७५/११/३० मा सानुभाई के.सी. लाई बिक्री गरी लिखत बमोजिम रु. ४६,२५,०००।– प्राप्त गरेको प्रस्तुत जग्गाहरु मिति २०७१/९/१३ मा खरिद गर्दा परल खर्च तथा लगानीलाई निजको वैध आयले खामेको नपाइएकोले स्रोत नखुलेको भागबाट वढेवढाएको आय लाई गणना नगरिएको | - | पूर्ण रुपमा गणना नगरिएको |
| ८ | प्रतिवादी सिर्जना अर्याल ढकालको नाममा रहेको जिल्ला काठमाडौ, स्युचाटार वडा नं. १ स्थित कि.नं. २८०० र २८०१ को क्रमशः क्षे.फ. ०-३-०-० र ०-४-१-२ जग्गा मिति २०७५/१२/०३ मा डिल्लीराम रिमाललाई रु. १,०५,००,०००।– मा बिक्री गरेको सम्वन्धमा प्रस्तुत विक्री भइगएको जग्गा मिति २०७४/०६/०४ मा रु. १,०४,९५,०००।– खर्च लगानीमा प्राप्त गरेको खुल्न आएको र शुरु खरिद लगानी तथा जग्गा प्राप्त गर्दा भए गरेको लगानी रु. १,०४,९५,०००।– लाई निजको वैध आयले ९९.३६% बराबरको भागलाई नखामी स्रोत खुल्न नआएको पाइएकोले स्रोत नखुलेको सम्पत्तिबाट वढेवढाएको आयलाई गणना नगरी स्रोत खुलेको ०.६४% बराबरको भागलाई वैध आयमा गणना गरिएको | ६७,२०० | - |
| ९ | प्रतिवादी सिर्जना अर्याल ढकालको नाममा रहेको जिल्ला काठमाडौ, मच्छेगाउँ वडा नं. २ख स्थित कि.नं. २५० को क्षे.फ. ०-१०-०-२ जग्गा मिति २०७६/०२/०२ मा देवेन्द्र आचार्यलाई बिक्री गरी रु. ३०,००,०००।– प्राप्त गरेको प्रस्तुत जग्गा खरिद गर्दा परल खर्च तथा लगानीलाई निजको वैध आयले खामेको नपाइएकोले स्रोत नखुलेको भागबाट वढेवढाएको आयलाई गणना नगरिएको | - | पूर्ण रुपमा गणना नगरिएको |
| | **जम्मा** | १,०८,६७,२०० | |

- बिक्री गरेको जग्गाको विवरण तालिकामा क्र.सं. १ देखि ११ सम्ममा उल्लेख गरिएको जग्गाको सम्पूर्ण बिक्री मूल्य जोड्दा हुन आउने रकम रु. ४,३४,२५,०००।— नै प्रतिवादीको आयमा गणना हुने देखिएको भनी सम्मानित विशेष अदालतबाट फैसला भएको देखिएको। उक्त तालिकाको क्र.सं. २ मा उल्लिखित रकम रु. १,१५,००,०००।—

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | २०,८०,१९९।— प्रतिवादीको आयमा जोडिने देखिएको।<br>**(आ) विविध भत्ताः**<br>▪ प्रतिवादी बद्री राज ढकालले निम्न विषयसँग सम्बन्धित भत्ता समेत निजको आयमा जोडिनुपर्छ भनी प्रमाण कागजहरु समेत पेस गरी जिकिर लिएको।<br>**(आ१) महंगी भत्ताः**<br>भूमि व्यवस्थापन तथा अभिलेख विभागको च.नं. १६९२ मिति २०७८/०१/०३ को सम्मानित विशेष अदालतलाई प्राप्त पत्र र विवरण अनुसार प्रतिवादी बद्री राज ढकालले आ.व. २०७२/०७३ देखि २०७४/०७५ सम्म ३ वर्षको महंगी भत्ता वापत रु. ३६,०००।— पाएको देखिँदा सरकारी कार्यालयबाट प्राप्त भएको विवरण प्रमाणमा ग्राह्य हुने नै हुँदा प्रतिवादीले प्राप्त गरेको रकम रु. ३६,०००।— निजको भत्ता शीर्षकमा जिडिने देखिएको।<br>**(आ२) बैठक भत्ता लगायत अन्य भत्ताः**<br>▪ उल्लिखित पत्र अनुसार प्रतिवादीले आ.व. २०७२/०७३ मा रु. २१,६७५ र रु. ३,४००।— तथा आ.व. २०७३/०७४ मा रु. २,५५०।— र रु. २,५५०।— गरेर प्राप्त गरेको जम्मा रु. ३०,१७५।— पनि विविध भत्तामा जोड्नुपर्ने देखिएको।<br>▪ त्यसैगरी, प्रदेश सभा सचिवालय, कर्णाली प्रदेश, सुर्खेतको च.नं. ४४३ मिति २०७८/०३/०४ को पत्र अनुसार प्रतिवादीले मिति २०७४/११/२४ मा उक्त कार्यालयमा हाजिर भई मिति २०७५/०२/१७ सम्म कार्यरत रहेको र मिति २०७४/१२/१७ मा सरुवा तथा भ्रमण खर्च वापत रु. २८,१५०।— र मिति २०७५/०२/१० मा बैठक भत्ता रु. १७,८५०।— गरेर जम्मा रु. ४६,०००।— प्राप्त गरेको देखिएको।<br>▪ त्यस्तै, मालपोत कार्यालय, लमजुङ्गको च.नं. ८३ मिति २०७८/०४/१२ को पत्रबाट प्रतिवादीले उक्त कार्यालयमा कार्यरत रहँदा प्राप्त गरेको तलब बाहेकको विवरण रहेकोमा च.नं. २१६३ मिति २०६०/११/१२ को पत्रको प्रमाणित प्रतिलिपि बमोजिम प्रतिवादी उक्त कार्यालयमा मिति २०५५/०९/१६ देखि मिति २०५५/१२/१६ सम्म खरिदार पदमा र मिति २०५६/१२/०१ देखि मिति २०५९/१२/०४ सम्म ना.सु. पदमा कार्यरत रहँदा निजले स्थानीय भत्ता, रोक्का रजिष्टर उतार पारिश्रमिक वापत जम्मा रु. २,१९,७१३।— प्राप्त गरेको देखिएको।<br>▪ त्यस्तै, स्थानीय विकास प्रशिक्षण प्रतिष्ठानको च.नं. ३११ मिति २०७७/१२/३० को पत्र मार्फत उक्त प्रतिष्ठानको च.नं. ६२१ मिति २०७६/११/२८ को पत्र अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई पठाएको पत्रको प्रतिलिपि बमोजिम उक्त प्रतिष्ठानमा प्रतिवादी मिति २०७१/११/०१ देखि मिति २०७२/१०/२७ सम्म कार्यरत रहँदा निजले तलब भत्ता, दशैं खर्च बाहेक सत्र सञ्चालन, बैठक भत्ता र अन्य पारिश्रमिक रकम रु. २२,६४,३७८।२५ र दैनिक तथा भ्रमण भत्ता वापत रु. २,४६,०००।— प्राप्त गरेको भन्ने उल्लेख भएकोमा निजले कार्यक्रम सञ्चालन गर्न लिएको रकम बाहेक दैनिक तथा भ्रमण भत्ता वापत रु. २,४६,०००।— प्राप्त गरेको देखिएको।<br>▪ त्यस्तै, मालपोत कार्यालय, तनहुँको च.नं. १०४१२ मिति २०७८/०१/१२ को पत्रबाट प्रतिवादीले उक्त कार्यालयमा मिति २०५९/१२/०५ देखि मिति २०६३/०५/०४ सम्म र मिति २०६८/१२/०७ देखि मिति २०७०/०९ सम्म कार्य गर्दा तलब भत्ता र दशैं खर्च बाहेक जम्मा रु. ८,३७,०२७।— प्राप्त गरेको देखिएको।<br>▪ यसरी, प्रतिवादीले महंगी भत्ता, बैठक भत्ता र अन्य भत्ता गरेर प्राप्त गरेको जम्मा रु. १४,१४,९१५।— मा जीवन निर्वाह खर्च ३०% कटाउँदा हुन आउने रकम रु. | प्रतिवादीको घर बिक्री आय शीर्षक अन्तर्गत नै समावेश भई आयमा गणना गरिएको देखिँदा उक्त रकम दोहोरो गणना भएको देखिएको।<br>▪ त्यसैगरी, आयोगले यस शीर्षकमा अवैध अर्थात वैध स्रोत नखुलेको सम्पत्तिबाट बढे बढाएको सम्पत्ति वैध मान्न मिल्दैन भन्ने सिद्धान्तको आधारमा उक्त तालिकाको क्र.सं. ७, ८, १० र ११ मा आंशिक तथा पूर्ण रुपमा स्रोत खुलेको अर्थात निजको वैध आयले खामेका जग्गा बिक्रीबाट बढेबढाएका आयलाई स्रोत खुलेको भागअनुसार गणना गरी प्रतिवादीको आयमा समावेश गरेको र उक्त तालिकाको अन्य क्र.सं. मा लिखत बमोजिम र प्रतिवादीको दावी बमोजिम गणना गरी जम्मा रु. १,०८,६७,२००।— रकमलाई सम्मानित विशेष अदालतबाट कायम नगरी यसै शीर्षकको सन्दर्भमा माथि उल्लिखित सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त तथा मान्यता विपरीत र दोहोरो हुने गरी गणना समेत गरी जम्मा रु. ४,३४,२५,०००।– प्रतिवादीको आयमा कायम हुने गरी भएको फैसला सो हदसम्म त्रुटिपूर्ण रहेको।<br>▪ उक्त तालिकाको क्र.सं. ५ को जग्गा बिक्रीबाट प्राप्त रु. १,००,०००।— तथा प्रतिवादीका पिताका नामको जग्गा बिक्री गरेको रु. ५०,०००।— र आमाका नाममको जग्गा बिक्री गरेको रु. २८,००,०००।— प्रतिवादीको आयमा कायम गरी सम्मानित विशेष अदालतबाट भएको फैसला अन्यथा पुष्टि हुने अवस्था नदेखिँदा पुनरावेदक/वादीको जिकिर रहेको छैन।<br>**(आ) शेयर बिक्री आय (शुरु लगानीमा स्रोत खुलेको भागको वैध आय):**<br>▪ यसै पुनरावेदनपत्रको प्रकरण नं. ५(क)(अ) मा विवेचना गरिए बमोजिम आयोगबाट यस शीर्षकमा कूल जम्मा रु. ६,९९,२३०।— प्रतिवादी बद्री राज ढकालको आय कायम गरिएको देखिएको।<br>▪ सम्मानित विशेष अदालतबाट आयोगले यस शीर्षकमा अवैध अर्थात वैध स्रोत नखुलेको सम्पत्तिबाट बढे बढाएको सम्पत्ति वैध मान्न मिल्दैन भन्ने सिद्धान्तको आधारमा प्रतिवादीको आयमा समावेश गरेको रु. ६,९९,२३०।— कायम नगरी यसै पुनरावेदनपत्रको प्रकरण नं. ५(क)(अ) मा उल्लिखित सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त तथा मान्यता विपरीत प्रतिवादीको आय र व्यय समग्रतामा गणना गर्नुपर्ने भनी यस शीर्षकमा जम्मा रु. ९९,१९,२७९।– प्रतिवादीको आयमा कायम हुने गरी भएको फैसला सो हदसम्म त्रुटिपूर्ण रहेको।<br>**(इ)** आयोगबाट प्रतिवादी बद्री राज ढकालको **घर बिक्री आय** रु. १,१५,००,०००।— र **विप्रेषण आय** रु. ६१,९८,०५५।— कायम भएकोमा प्रतिवादीको सहमति रहेकोले उक्त शीर्षकहरुमा सोही आय अङ्क कायम गरी सम्मानित विशेष अदालतबाट फैसला भएको देखिएको।<br>**(ई)** आयोगबाट गणना नगरिएका तर प्रतिवादीले जिकिर लिएका आय शीर्षकहरुको सम्बन्धमा, मिसिल संलग्न आधार कारण र प्रमाणहरुबाट सम्मानित विशेष अदालतबाट प्रतिवादी बद्री राज ढकालका पिता खेमराज ढकालको तलब र पेन्सन रु. २०,८०,१९९।—; विविध भत्ता रु. ९,९०,४४०।—; बैंक ब्याज |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | ९,९०,४४०।— प्रतिवादीको विविध भत्ता वापतको शीर्षकमा प्रतिवादीको आयमा कायम हुने देखिएको।<br>**(इ) बैंक ब्याजः**<br>प्रतिवादी बद्री राज ढकालका विभिन्न बैंकहरुमा खाताहरु रहेको देखिएको र ती खाताहरुमा रकम जम्मा हुने, झिक्ने गरेको कुरा मिसिल संलग्न बैंक स्टेटमेन्टहरुबाट देखिएको। बैंक खातामा रहेको निक्षेपमा नियमानुसार ब्याज प्राप्त हुन्छ नै अदालतबाट बैंक ब्याज पनि आयमा जोड्ने अभ्यास रहँदै आएको हुँदा प्रतिवादीले पेस गरेको निजका नामका खाताहरुमा रहेको विभिन्न मितिको बैंक ब्याज जोड्दा रु. ५,३१,४२९।— मात्र देखिई उक्त रकम प्रतिवादीको आयमा जोडिने देखिएको।<br>**(ई) घर भाडाः**<br>प्रतिवादी बद्री राज ढकालको अचल सम्पत्तिको विवरणमा निजको नामको जिल्ला काठमाडौं, नागार्जुन-१०, कि.नं. ७२९ र ७३०, मिति २०७१/०५/२५ मा खरिद गरेको २.५ तल्लाको घर रहेको देखिएको। प्रतिवादीले घर बहाल कर तिरेको नदेखिए तापनि निजले घर बहालको घरायसी सम्झौता पत्र पेस गरेको र साक्षीको रुपमा बहालमा बस्ने व्यक्तिलाई पेस गरेको देखिएको। न्यायोचित अनुमानका आधारमा घर भाडा निर्धारण गरी आयमा जोड्ने स्थापित अदालती अभ्यास रहेको देखिँदा प्रतिवादीको घर भएको क्षेत्रलाई समेत विचार गरेर निजले २.५ तल्ला मध्ये १ तल्ला घर मासिक रुपमा रु. १०,०००।— मा भाडा लगाउँदा घर खरिद गरेको मितिदेखि जाँच अवधिको अन्त्यसम्ममा जम्मा ७२ महिनामा निजले घर भाडा वापत रु. ७,२०,०००।— आय आर्जन गर्न सक्ने न्यायिक अनुमान गरी त्यसमा १०% घर बहाल कर कट्टा गरी हुन आउने रकम रु. ६,४८,०००।— निजको आयमा जोड्नु न्यायोचित देखिएको।<br>**(उ) टिकाटालोः**<br>प्रतिवादी सिर्जना अर्याल ढकालले अदालत समक्षको बयानमा टिकाटालोबाट प्राप्त दान दक्षिणा पनि आयको स्रोत रहेकोले यस शीर्षकमा जम्मा रु. ६,५०,०००।— दावी गरी जिकिर लिएको देखिए तापनि अदालती अभ्यासलाई हेरी न्यायिक अनुमान गरी रु. १,००,०००।— निजको आयमा जोड्न न्यायोचित हुने देखिएको।<br>**<u>व्ययतर्फः</u>**<br>**(क) जग्गा खरिदः**<br>▪ यस शीर्षकमा आयोगबाट रजिष्ट्रेशन दस्तुर समेतको गरी जम्मा रु. ४,५४,१७,२४४।— कायम गरिएकोमा प्रतिवादीले जग्गा खरिद खर्च लिखत मूल्य अनुसार जम्मा रु. १,४३,६४,७००।— मात्र कायम हुनुपर्छ भनी जिकिर लिएको।<br>▪ यस सम्बन्धमा, प्रमाण ऐन, २०३१ को दफा ४ र दफा ६ का कानुनी व्यवस्थाहरुको सन्दर्भमा प्रस्तुत मुद्दामा अड्डा अदालत वा कार्यालयहरुमा रहेका लिखतको बेहोरा सम्बन्धमा अन्यथा प्रमाणित भएमा सो बेहोरा लिखतमा रहेको बेहोराभन्दा फरक रहेछ भनेर अनुमान गर्नुपर्ने हुँदा लिखत मूल्यभन्दा अर्को मूल्य पनि कायम हुन सक्ने देखिएको। प्रतिवादीले बयानमा भने बमोजिम आरोपपत्रको पृष्ठ ५, ६ र ७ मा स्वआर्जित जग्गाको विवरणको तालिकामा निजले स्वआर्जन गरेका जग्गाहरुको खरिद मूल्य र तिरेको रजिष्ट्रेशन दस्तुर उल्लेख गरिएकोमा निजले उक्त मूल्य लिखित रुपमा स्वीकार गरेको देखिँदा जग्गा खरिद मूल्य रु. ४,२३,६८,३००।— र तिरेको रजिष्ट्रेशन दस्तुर रु. ३,३८,०८२।— गरेर जम्मा रु. ४,२७,०६,३८२।— प्रतिवादीको व्ययमा जोडिने देखिएको।<br>**(ख) प्रतिवादी सिर्जना अर्याल ढकालको नाममा दर्ता कायम जिल्ला कास्की, उप-** | रु. ५,३१,४२९।—; घर भाडा रु. ६,४८,०००।— र टिकाटालो रु. १,००,०००।— प्रतिवादीको आयमा कायम गरिएकोमा पुनरावेदक/वादीको अन्यथा जिकिर नरहेको।<br>प्रस्तुत मुद्दामा आयोगबाट **रु. १०,२७,५८,४६१।— (अक्षरेपि दश करोड सत्ताईस लाख अन्ठाउन्न हजार चार सय एकसाठी मात्र)** बिगो कायम गरिएकोमा माथि विवेचित आधार, कारण र मिसिल संलग्न प्रमाणहरुबाट आयोगको मागदावी तथा जिकिर, प्रतिवादीको जिकिर र सम्मानित विशेष अदालतको मूल्याङ्कन समेतका आधारमा प्रतिवादीले जम्मा **रु. २,२४,७०,२३१।२ (अक्षरेपि दुई करोड चौबिस लाख सत्तरी हजार दुई सय एकतीस र पैसा दुई मात्र)** बराबरको सम्पत्ति गैरकानुनी रुपमा आर्जन गरेको पुष्टि भएको।<br>अतः आयोगले कायम गरेको प्रतिवादी बद्री राज ढकालको जाँच अवधिको कूल व्यय जम्मा **रु. ७,२९,४३,३९१।— (अक्षरेपि सात करोड उनान्तीस लाख त्रिचालिस हजार तीन सय एकानब्बे मात्र)** र जाँच अवधिको कूल वैधानिक आय **रु. ५८।१५९,७३,०४, (अक्षरेपि पाँच करोड चार लाख तिहत्तर हजार एक सय उनान्साठी र पैसा आठ मात्र)** देखिएकोले निज प्रतिवादीले **रु. २,२४,७०,२३१।२ (अक्षरेपि दुई करोड चौबिस लाख सत्तरी हजार दुई सय एकतीस र पैसा दुई मात्र)** बराबरको सम्पत्ति गैरकानुनी रुपमा आर्जन गरेको पुष्टि भएको। सम्मानित विशेष अदालतबाट वादी दावी नपुग्ने ठहर गरी भएको फैसला सो हदसम्म त्रुटिपूर्ण रहेकोले उक्त त्रुटिपूर्ण फैसला बदर गरी प्रस्तुत पुनरावेदन जिकिर बमोजिम प्रतिवादी बद्री राज ढकालले गैरकानुनी रुपमा सम्पत्ति आर्जन गरी अर्का प्रतिवादी सिर्जना अर्याल ढकाल समेतको नाममा उक्त गैरकानुनी रुपमा आर्जन गरेको सम्पत्ति राखी भ्रष्टाचार गरेको ठहर गरी आयोगको मागदावी तथा पुनरावेदन जिकिर बमोजिम सजाय गरी सम्पत्ति जफत गरी पाउन मागदाबी रहेको। |

**महानगरपालिका वडा नं. ८ स्थित साबिक कित्ता नं. १३६२९ हा.सा. कित्ता नं. १२८ जग्गामा निर्मित घरको निर्माण लागतः**

- यस शीर्षकमा आयोगबाट जम्मा रु. ४८,७५,०३८।– प्रतिवादीको व्ययमा गणना गरिएकोमा प्रतिवादीले पोखरा उपमहानगरपालिकाको भवन निर्माण सम्पन्न प्रमाणपत्रबाट उक्त घरको एक तल्ला ९५९.१८ व.मि. २०६५ सालमा र पहिलो तल्ला ९५९.१८ व.मि. २०६९ सालमा थप गरेको कुरा पुष्टि भएको; सो बाहेक उक्त घरमा तल्ला थप नगरेको; सो घर मिति २०७०/०७/०६ मा बिक्री गरेको; २ तल्ला मात्रै बिक्री गरेको घरको दोस्रो र तेस्रो तल्ला पनि निर्माण गरेको भनेर लागत जोडेको र सो जग्गामा बनाएको टहराको पनि लागत खर्च जोडेको कुरा नमिलेको हुँदा सो घर बनाउँदाको लागत मूल्य जम्मा रु. २४,७७,८९६।– मात्र हो भनी जिकिर लिएको देखिएको।
- यस सम्बन्धमा, उक्त घर जग्गा खरिद गर्ने सिर्जना ढकालले मौकामा कागज गर्दा बनिसकेको घर टहरा सहित जग्गा किनेको भन्ने बेहोरा उल्लेख गरेको देखिए पनि अदालतको आदेश बमोजिम अदालतमा उपस्थित भई बकपत्र गर्दा २ तल्ला घर र जग्गा खरिद गरेको भनी उल्लेख गरेको देखिएको। यसरी, प्रतिवादीले कि.नं. १२८ को जग्गामा २ तल्लाको मात्र घर निर्माण गरी बिक्री गरेको देखिँदा सोही बमोजिम व्यय कायम गर्नुपर्ने देखिएकोले उक्त घरको नापजाँच गरी आयोगले पेस गरेको प्रतिवेदन अनुसार उक्त पुरै घरको संरचना (Structure) को लागत खर्च रु. ४,१७,४८१।९७ रहेको देखिएको भने अन्तिम तल्लाको मात्रै खर्च रु. ३,९४,६०७।– रहेको देखिएको। उक्त अन्तिम तल्ला प्रतिवादीले बिक्री गर्नु भन्दा अघि बनेको नदेखिँदा सो रकमलाई उक्त घर निर्माण गर्दा लागेको जम्मा लागतमा घटाउँदा हुन आउने रकम रु. ३७,८०,२०४।८२ सो घरको संरचना निर्माणमा लागेको खर्च देखिएको हुँदा प्रतिवादीले उक्त घर आफै निर्माण गरेकोले ओभरहेड कस्ट र ठेक्का कर गरी २०% घटाउँदा हुन आउने रु. ३०,२४,१६३।– सो घरको संरचना निर्माणमा लागेको खर्च देखिएको र त्यसमा बिजुली, स्यानेटरी वापत रु. २,३३,१३९।–; फिनिसिङको रु. ३,८८,५६६।४७ र फर्निसिङ रु. ७८,५२०।– समेत गरेर जम्मा रु. ३७,२४,३८८।– कायम हुने देखिएको।

**(ग) प्रतिवादी बद्री राज ढकालको नाममा दर्ता कायम जिल्ला काठमाडौं, नागार्जुन नगरपालिका वडा नं. १० स्थित कित्ता नं. ७३० र कित्ता नं. ७२९ समेतका जग्गामा निर्मित घरको निर्माण लागतः**

यस शीर्षकमा आयोगबाट जम्मा रु. ४१,८२,३९८।– कायम गरिएकोमा व्यक्ति आफैले निर्माण गरेको घरमा ओभरहेड कस्ट र ठेक्का कर नलाग्ने हुँदा निर्माण लागतमा २०% खर्च घटाउने अदालती अभ्यास रहेको हुँदा प्रतिवादीको उक्त घरमा २०% खर्च घटाउँदा हुन आउने रकम रु. ३३,४५,९१८।– सो घरको निर्माण लागत कायम हुने देखिएको।

**(घ) ऐ.ऐ. घरको Interior Design/फर्निचर र फर्निसिङ्ग आदिको लागतः**

यस शीर्षकमा आयोगबाट जम्मा रु. ४,४०,७१०।– कायम गरिएकोमा प्रतिवादीले घरमा रहेका सामानहरु एकै पटक खरिद नगरी लामो समयमा एउटा/दुइटा गर्दै खरिद गरेका सामान जीवन निर्वाह खर्चबाटै जोडेको हुँदा उक्त अतिरिक्त खर्च रकम हटाउनुपर्छ भनी जिकिर लिएको देखिएको। यस सम्बन्धमा, जीवन निर्वाह खर्च बाँच्नको लागि चाहिने खाना/लुगा कपडा, औषधी उपचार आदिको लागि छुट्याउने गरेको देखिएको; उक्त रकम नै जीवन निर्वाहको लागि ज्यादै न्यून देखिएको; अदालती अभ्यासमा ३०% जीवन निर्वाह खर्च र बाँकी ७०% बचत रहने मान्यता स्थापित रहेको र घरको फर्निचर, फर्निसिङको खर्च

प्राविधिकले घरमै गएर बजार मूल्य अनुसार वैज्ञानिक रुपमा निर्धारण गर्ने हुँदा यसमा अन्यथा हुन सक्ने नदेखिँदा आरोपपत्रकै मूल्य कायम हुने देखिएको।

**(ङ) ऐ.ऐ. घरको इलेक्ट्रिकल र इलेक्ट्रोनिक्स उपकरणहरुको लागतः**

यस शीर्षकमा आयोगबाट जम्मा रु. ६,०४,४००।– कायम गरिएकोमा प्रतिवादीले घरमा रहेका सामानहरु एकै पटक खरिद नगरी लामो समयमा एउटा/दुइटा गर्दै खरिद गरेका सामान जीवन निर्वाह खर्चबाटै जोडेको हुँदा उक्त अतिरिक्त खर्च रकम हटाउनुपर्छ भनी जिकिर लिएको देखिएको। यस सम्बन्धमा, घरमा रहेका इलेक्ट्रिकल र इलेक्ट्रोनिक्स सामानहरु खरिद गर्दाको बजार मूल्यलाई नै आधार मानेर खर्च रकम निर्धारण गरेको हुँदा त्यसमा अन्यथा हुने अवस्था नदेखिँदा आरोपपत्रकै मूल्य कायम हुने देखिएको।

**(च) टेलिफोन जडान खर्चः**

यस शीर्षकमा आयोगबाट प्रतिवादीले मौकामा गरेको बयानका आधारमा जम्मा रु. ४५,०००।– कायम गरिएकोमा व्यवहारिक रुपमा हेर्दा टेलिफोन जडानमा त्यति ठुलो रकम नलाग्ने हुँदा रु. ५,०००।– कायम गरिदिएको।

**(छ) प्रतिवादी बद्री राज ढकाल तथा निजका श्रीमति र छोराहरु समेतको जीवन बीमा वापत सम्बन्धित संस्थाहरुलाई तिरे बुझाएको बीमा प्रिमियमः**

यस शीर्षकमा आयोगबाट जम्मा रु. ९,२४,६४०।– कायम गरिएकोमा प्रतिवादीले National Life Insurance Company Ltd. को Policy No. 050003601 को जम्मा रु. ८९,४०१।– मात्र बीमा रकम बुझाएकोमा रु. ९६,२७८।– व्यय देखाएको र राष्ट्रिय बीमा संस्थानको रु. १,२९१।– मात्र बीमा बुझाएकोमा रु. २५,८२०।– व्यय देखाएको नमिलेकोले जम्मा रु. ८,६६,३६०।– मात्र व्यय गरेको भनी जिकिर लिएको देखिएको। यस सम्बन्धमा, सम्मानित विशेष अदालतको आदेश बमोजिम National Life Insurance Company Ltd. बाट मिति २०७८/०१/०२ मा र राष्ट्रिय बीमा संस्थानबाट मिति २०७७/१२/२६ मा प्राप्त पत्रहरुको बेहोराबाट प्रतिवादीको जिकिर मनासिब देखिएकोले रु. ८,६६,३६०।– प्रतिवादीको व्ययमा कायम हुने देखिएको।

**(ज) शैक्षिक खर्चः**

यस शीर्षकमा आयोगबाट जम्मा रु. १,६०,०००।– कायम गरिएकोमा प्रतिवादीका छोराहरु १३ वर्ष र १० वर्ष का दुई जनाको उक्त शैक्षिक खर्च व्यवहारिक र मनासिब नै देखिँदा मेरा छोराहरु शून्य खर्चमा अध्ययन गरेको भनी प्रतिवादीको जिकिरसँग सहमत हुन नकसिने।

**(झ) सवारी साधन खरिदः**

यस शीर्षकमा आयोगबाट प्रतिवादीका नाममा खरिद गरिएका २ वटा मोटरसाइकलका अतिरिक्त अन्जु अर्यालका नाममा रहेका बा. ८ च ७०१३ नम्बरको WagonR र बा. १ च ९५३ नम्बरको Hyundai i10 कारहरु पनि प्रतिवादीले नै खरिद गरी अन्जु अर्यालका नाममा राखेको भनी दावी लिई जम्मा रु. २५,४५,९००।– कायम गरिएको देखिएको। यस सम्बन्धमा, यस अघि प्रतिवादीको आय रकमका सम्बन्धमा मिसिल संलग्न प्रमाणहरुको विश्लेषण गरी ती दुबै कारहरु अन्जु अर्यालकै रहेको देखिएकोले ती कारहरु बिक्री गरी प्राप्त गरेको रकम वादीले प्रतिवादीको आयमा गणना गरेको नमिलेको भनी पुष्टि भैसकेको हुँदा ती कारहरुको खरिद मूल्य पनि प्रतिवादीको व्ययमा जोड्न मिल्ने नदेखिँदा प्रतिवादीका नाममा खरिद गरिएका बा. ३७ प ५५३ र ग. ७ प १०५३ नम्बरका मोटरसाइकलहरु क्रमशः रु. १,२३,९००।– र रु. १,६२,०००।– गरी जम्मा रु. २,९२,९००।– यस शीर्षकमा प्रतिवादीको व्यय रकम देखिएको।

**(ञ) सवारी साधनहरुको बीमा/यातायात कर एवं सवारी साधन भाडामा लिँदा भएको भाडा**

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | **खर्चः**<br>▪यस शीर्षकमा आयोगबाट सवारी शादणको बीमा, यातायात कर एवं प्रतिवादीले SANTRO कार भाडामा लिई चलाएको भन्ने आधार लिई रु. २,७६,८००।— व्यय कायम गरिएको देखिएको। यस सम्बन्धमा, अन्जु अर्यालको नाममा खरिद भएका बा. ८ च ७०१३ नम्बरको WagonR र बा. १ च ९५३ नम्बरको Hyundai i10 कारहरु निजकै कारहरु हुन् भन्ने कुरा यस अघि नै स्थापित भइसकेको हुँदा उल्लिखित रकमलाई प्रतिवादीको व्ययमा गणना गर्न नमिलेको।<br>▪त्यसैगरी, प्रतिवादीले मौकामा SANTRO कार भाडामा लिएको भन्ने बेहोरा खण्डित हुने गरी निजले अदालत समक्ष बयान गरेका साथै, उक्त SANTRO कार भाडामा दिने भनिएका लव खत्रीले अदालत समक्ष उपस्थित भई प्रतिवादीलाई गाडी भाडामा दिएको होइन भनी बकपत्र गरेको देखिँदा गाडी भाडा तर्फको व्यय कायम हुने नदेखिएको। यस शीर्षकमा प्रतिवादीले कुनै रकम व्यय गरेको नदेखिएको।<br>**(ट) विविध खर्चः**<br>यस शीर्षकमा आयोगबाट प्रतिवादीले मौकामा गरेको बयानको स.ज. १४२ मा खुलाई दिएको जम्मा रु. २,२४,०१,६८९।— व्ययमा कायम गरिएको देखिएको। यस सम्बन्धमा, प्रतिवादीले उक्त रकम सापटी लिएको तिर्नमा प्रयोग गरेको भनी जवाफमा उल्लेख गरेको देखिएकोले निजसँग उक्त रुपैयाँ रहेको भन्ने अर्थ रहेको नदेखिँदा उक्त रकमलाई व्यय मान्न मिल्ने नदेखिएको।<br>**(ठ) प्रतिवादी बद्री राज ढकालका जेठान नाताका नवराज अर्यालको नाममा Janata Bank Nepal Limited (हाल Global IME Bank) मा साबिक खाता नं. ०१५१०२००९१७९१०१ हाल परिवर्तित खाता नं. J५०७०१०००१९२८ को खाता सञ्चालनको Mandate लिई प्रतिवादी बद्री राज ढकाल एवं विभिन्न व्यक्तिहरु समेतका नाममा रकम जम्मा गरे गराएका स्रोत नखुलेको मौज्दात रकमबाट भए गरेका भुक्तानी खर्चः**<br>यस शीर्षकमा आयोगबाट जम्मा रु. ४,२६,९९,२४९।— रकम प्रतिवादीको व्ययमा कायम गरिएको देखिएको। यस सम्बन्धमा, मिसिल संलग्न प्रमाणहरुबाट उक्त खाता प्रतिवादी बद्री राज ढकालले चलाएको देखिए पनि खाता नवराज अर्यालकै नाममा रहेको; त्यसबाट प्रतिवादी बद्री राज ढकालको हस्ताक्षरबाट पनि सञ्चालन गर्न पाउने गरी बैंकले अधिकार प्रदान गरेको र कारोबारको प्रकृतिबाट पनि नवराज अर्यालकै आमा, बाबु, मामा, माइजू लगायतका आफन्तबाट रकम राख्ने र झिक्ने गरेको देखिँदा उक्त बैंक खाता प्रतिवादी बद्री राज ढकालको नभई नवराज अर्यालकै रहेछ भनेर मान्नुपर्ने देखिएकोले उक्त खाताको कारोबारलाई प्रतिवादी बद्री राज ढकालको कारोबारमा जोडी व्यय कायम गर्न मिल्ने नदेखिएको।<br>**(ड)** प्रतिवादी बद्री राज ढकालले Mandate लिई निज र आफ्ना अनुकूलका मानिसहरुबाट खातामा जम्मा गरी गराई आफ्नो दस्तखतबाट चेक काटी भुक्तानी तथा खर्च गर्नमा प्रयोग गरेको निजका जेठान नाताका नवराज अर्यालको नाममा सञ्चालित Janata Bank Nepal Limited (हाल Global IME Bank) मा साबिक खाता नं. ०१५१०२००९१७९१०१ हाल परिवर्तित खाता नं. J५०७०१०००१९२८ को बैंक खातामा रहेको मौज्दात रकम रु. १२,०५२।— आयोगबाट प्रतिवादीको व्ययमा कायम गरिएकोमा सम्मानित विशेष अदालतबाट शून्य व्यय कायम गरिएको देखिएको।<br>**(ढ)** प्रतिवादी बद्री राज ढकालको जाँच अवधिको व्यय सम्बन्धमा आयोगबाट **प्रतिवादी** | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | सिर्जना अर्याल ढकालको नाममा दर्ता कायम जिल्ला कास्की, उप-महानगरपालिका वडा नं. ८ स्थित साबिक कित्ता नं. १३६२९ हा.सा. कित्ता नं. १२८ जग्गामा निर्मित घर निर्माणमा नक्सा पास लगायत नगरपालिकामा तिरे बुझाएको दस्तुर रु. ५,५३५।—; बैंक तथा वित्तीय संस्थाहरुबाट लिएका कर्जा चुक्तामा सम्बन्धित संस्थालाई तिरे बुझाएको साँवा ब्याज एवं सेवा शुल्क लगायतका खर्च रु. ६४,६३,५११।—; पूँजीगत लाभकर वापत सम्बन्धित निकायमा तिरे बुझाएको रकम रु. ७,९०,१३०।—; निजी विदेश भ्रमण खर्च रु. ९२,३००।—; शेयर खरिद खर्च रु. १,११,४६,७०१।—; सन् २०१४/०६/२९ तदनुसार मिति २०७१/०३/१५ मा प्रतिवादी बद्री राज ढकालका साली नाताकी अनिता पौडेल अर्याललाई निजको सानिमा बैंक लि. मा रहेको खाता नं. ०१५०११०५००००७१७ बाट चेक नम्बर ७०७०९४३ मार्फत दिएको रकम रु. २०,००,०००।—; सुन चाँदी खरिद खर्च रु. १७,३००।—; साथमा रहेको नगद रु. २५,०००।— र प्रतिवादी बद्री राज ढकाल तथा निजको परिवारका सदस्यहरुका नाममा सञ्चालित  विभिन्न बैंक खाताहरुमा रहेका जाँच अवधिको अन्तिम मौज्दात रु. २,५६,८५६।— कायम भएकोमा प्रतिवादीको अन्यथा जिकिर नरही मुख मिलेकै देखिएको। | |